# श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको अप्रकाशित ताम्रपत्र

टेकबहादुर श्रेष्ठ

नेपालको प्रामाणिक इतिहास तयार पार्न पहिले ऐतिहासिक सामग्रीहरूको संकलन गर्नु आवश्यक छ । किनभने देशका कुना काप्चामा छरिएर रहेका ऐतिहासिक सामग्रीहरू नबटुलीकन प्रामाणिक इतिहास तयार हुन सम्भव छैन । स्वदेशी तथा विदेशी विद्वान्हरूले ऐतिहासिक सामग्री पत्ता लाउने काम केही मात्रामा गरेका छन् तापनि यस कार्यलाई अफ अगाडि बढाउनुपरेको छ । अनि मात्र नेपालको इतिहासका विविध अंगमा नयां नयां प्रकाश पर्दै जानेछ । यसै हुंदा त्रि.वि.नेपाल र एशियाली अध्ययन संस्थानले ऐतिहासिक सर्वेक्षण गरी सामग्रीहरू पत्ता लाउने योजना कार्यान्वित गर्दैछ ।

ऐतिहासिक सामग्री पत्ता लाउने उक्त प्रसङ्गमा संस्थानका डीन डा० प्रयागराज शर्माज्यूको प्रयासबाट एक ताम्रपत्र संस्थानको संग्रहमा संकलित हुन आएको छ । वि.सं.१८६२ को सो ताम्रपत्रले श्री ५ पृथ्वीनारायण शाहदेखिका केही घटनामा प्रकाश पारेको छ । यसो हुनाले यस ताम्रपत्रलाई पाठकको सामुन्ने राखिएको हो ।

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायेणेत्यादि विविधविरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीम-

२. हाराजे गीर्वाणयुद्धविक्रमसाहवहादुर समसेर देवानां सदा समरविजयिनाम्... आगे गणपतिभट्टके देउपाटनको अ-

३. म्बल वाग्मतीदोलको तिम्रो वितलप विर्ता भन्यिङ्गुपानीषेत पाषो टार बगर षोह-या घड्याडी घैया षोरिया तस्को साध पुर्व काल्हो वाल्या जो-

४. तीको घड्यारी दक्षिण गुठि शिवराज गींरिको र धीर्जपुरीको विर्ता पश्चिम वाग्मती गुठी वालस्या मिश्र ब्राहृणको विर्ता उत्तर टिंडोलको कुलो ।

५. पषोरो माटो वाल्या जोतीको घड्यारी ऐति चार किला मित्रको षेत रोपनी ५० के षेत दुई पाषो रोपनी ३८ के षेत १।५६ नेपाल हाम्रो अम्व-

६. ल नहुंदै राजा जयप्रकासले गोर्षाका निमित्त स्वस्त्ययन ग-यौ भनी तिम्रा बाबा कृस्न भटलाई हरी हरिनाथ गीरिका घरमा वस्न्या परदेसी

७. गोसाईं कुवेरगीरि भिम गीरि कासी गीरि मुक्तेश्वर गीरि ईनहरूलाई तावापत्र समेत विर्ता दियाछन् नेपाल हाम्रो अम्वल भया पछि गो-

८. र्षाका साहिनाले भट्ट हरिन्या होइन भनि श्री जिज्यूवाज्याले त्यो माटो फेरी सन्न्यासीहरूलाई हरी तिमीलाई भोग्या गराई दिनु भयेछ सोई बमोजिम

९. श्रीज्यूज्यू वुवाले पनि मोहर गरी थामी बक्सनुभयेछ पछि दसनामको माटो न्फुकदा वालगीरि र राजगिरिले उही जयप्रकाशको तावापत्र देखाई त्यो

१०. माटो हाम्रो हो भनि भगडा तिमी फिर्न्यादी हुंदा गोसाईंलाई र तिमीलाई भिचारी लक्ष्मिनारायेण पंडितका सभामा जोरी बक्सनुभयेछ नि-

११. साफ बुझ्दा संन्यासीका तावापत्रमा हरीन्न्याको नाउं र षात नदेषाता तिमिलाई वक्स्याको मोहर हेर्दा तिम्रो रेष साचो सन्यासीको रेष झुठा ट

१२. हराई श्री ६ वुवाज्यूले लालमोहर गरी तिमिलाई विहोराई वक्स्याको विर्ता भोग्य गर्दै रह्याछौं तस्तै वीचमा श्रीगुरूवाज्या वज्रनाथ पंडितराजको संपत्ति सर्कार लाग्दा सन्यासी-

१३. ले यो ता श्री गुरूवाज्या व्रजनाथ पंडितराजको कारवारी मुषातियार हो हाम्रो विर्ता वल मिचो षाई राषेथ्यो यो हाम्रा तावापत्र हो भनी फेरी उही जयप्रकासको तावा-

१४. पत्र देषाई आजतक त्यो माटो षादा रह्याछन् आज डिठा सांढ्या वैधले र विचारी किर्तसिं षातृ गजाधर भटराईले टकसारका सभामा वसी

१५. वाल गीरिलाई र तिमीलाई जोरी नीसाफ बुझ्दा सन्यासीका तावापत्रमा ऐस षातमा कृस्न भटलाई हरी वालगीरिको आजा गुरू हरिनाथ

१६. गीरिलाई दियौं भनि षात वावत हरिन्याको नाउं र षाई राषन्याको नाउ नदेषाता निसाफमा सन्न्यासी नठहर्दा तावापत्र थिची डंडगर्न

१७. षोजदा तांवापत्र ली वाल गीरि लुकता माटो कृस्न भट्टैको सच्चा ठहराई सन्यासीको तावापत्र रद्दी विसही गरि श्रीजिज्यू वाज्या श्रीज्यूज्यू वुवा श्री ६ वुवाज्यूले विर्ता वितलप

१८. वहाली गराई वक्स्या बमोजिम पानी षेत २ पाषो षेत १।५६ ज्मा षेत ३।५६ विर्ता वितलपको मोहर तावापत्र गरी वक्स्यौं आफ्ना षातिर्ज्मा

१९. संग विर्ता वितलप जानि पुस्तदरपुस्तस्म भोज्य गर चारकिलाभंदा अर्घ्यालो विर्तवारले नचापनु विना तकसीर राजाले नहर्नु माटो

२०. वेच्दा सर्कार साघनु सर्कारमा न लिया अन्यत्र वेचनु येस वंधेजमा जो रहैन सो येस श्लोकमा भन्याको पातकी होला स्वदत्तां परदत्तां वा यो

२१. हरेच्च वसुंधराम् ।। षष्टि वर्ष सहस्राणि विष्टायां जायते कृमि: ईति सम्वत् १८६२ साल मिति वैशाष वदि ११ रोज ५ शुभम्

(यस ताम्रपत्रमा श्रीश्रीश्री गीर्वाणयुद्धविक्रम शाहको शाके १७२१ (वि.सं.१८५६) को मोहर छाप लागेको छ ।)

वि.सं.१८६२ मा श्री ५ गीर्वाणयुद्धविक्रमले गणपति भट्टलाई गरिदिएको यो ताम्रपत्रले राजनैतिक संक्रमणकालमा भूमिसम्बन्धी कलह कसरी उत्पन्न हुन्थ्यो भन्ने रोचक दृष्टान्त प्रस्तुत गरेको छ । साथै त्यस वेलाको न्याय व्यवस्थाको अलिकता झलक पनि हामी यताबाट पाउंछौं । यस ताम्रपत्रमा परेको विषय राम्ररी बुझ्न तात्कालिक राजनैतिक अवस्थाबारे केही दृष्टि दिनु परेको छ ।

कान्तिपुर अन्तर्गत रहेको नुवाकोट कब्जा गरी श्री ५ पृथ्वीनारायणशाहले आफ्नो अभियानको केन्द्र नुवाकोटलाई नै बनाएपछि तत्काल नेपाल उपत्यकामा पस्ने प्रयास पृथ्वीनारायणशाहले गरेथे । तर यसमा सफल नभए पछि पृथ्वीनारायणशाहले अर्कै बाटो लिए । एक उपत्यकामा आर्थिक नाकाबन्दी गर्ने । दोस्रो उपत्यकाका प्रभावशाली धनीमानी व्यक्तिहरूलाई प्रलोभन आदि देखाई आफ्नो पक्षमा मिलाउने । दोस्रो काममा पृथ्वीनारायणशाहलाई निकै सफलता मिल्यो । उपत्यकाका ठूला ठूला भारादार, व्यापारी,

धार्मिक क्षेत्रका प्रभावशाली केही व्यक्तिलाई पनि आफ्नो पक्षमा मिलाउन पृथ्वीनारायण शाह सफल भएथे । पृथ्वीनारायणशाहका पत्रबाट यो कुरा स्पष्ट थाहा पाइएको छ । प्रमाणार्थ केही पत्रको उद्धरण साथ यहां यस विषयमा अलि विचार गर्नु परेको छ । पृथ्वीनारायणशाहले कीर्तिराजनन्द उपाध्यायलाई लेखेको पत्रबाट काठमाडौं विजयका लागि पृथ्वीनारायणशाहले त्यहांका धनी तथा प्रभावशाली व्यक्तिलाई हात लिन गरेको प्रयास स्पष्ट थाहा पाइन्छ । सो पत्रको एक अंश यस प्रकारको छ-

"उप्रान्त तिमि भन्या बडा मनुष्य हौं तिम्रो र हाम्रो षलासि गर्नाको इच्छा छंदै थियो हाम्रा काजिका स्नेहले वहुतै वन्यो अव तिम्रा वडा बाबा र काकासित पेट मिलाई काठमाडौंका तषातको काज पु-याव तिम्रो सांखु चांगु पाटन काठमाडौं पर्वतको वांधा वृत्ता घर्षोत जजमान्ताको पूजासमेत माफ गरिवक्स्यो" [१]

यसै गरी काठमाडौंका प्रधानहरूलाई हात लिन पृथ्वीनारायणशाहले गरेको प्रयासको झलक अभूदसिंह प्रधानलाई लेखेको पत्रबाट पनि पाइन्छ[२] । मल्ल राजाको पुरोहित वर्ग र भारदारवर्ग वाहेक त्यस राज्यमा वस्ने अरू प्रमुख व्यक्तिलाई पनि हात लिन पृथ्वीनारायण शाहले गरेको प्रयासको संकेत काठमाडौं तकियाका प्रमुख सादुल्लाजीहरूलाई लेखेको पत्रको यस अंशबाट पाइन्छ-

"आगे सादुल्लाजी मोजंजिकै पिछा लियौं तुम्रा नेपालको घरषोत जति छन् सम हामिले माफ गरिवक्स्यौं नेपाल यहां हाम्रो अंवल् प्रवेस हुंदाका दिन सम महाजनहरूकन सलामि ज्यालागला सो चल्रउनु परला तुम्रा घर्षोतकन माफ गरिवक्स्यौं कौनै वातको संदेहज नमान" [३].

कान्तिपुर वाहेक भक्तपुर आदिका प्रमुख व्यक्तिलाई पनि हात लिने काम पृथ्वीनारायणशाहले गरेथे । परशुराम थापालाई हात लिन पृथ्वीनारायणशाहले लेखेको पत्रले उनको राजनैतिक हृदयको राम्रो उदाहरण प्रस्तुत गरेको पाइन्छ[४] । भक्तपुरका धनी व्यक्ति भगवतिवनहरूलाई लेखेको पत्रबाट पनि उनको नीतिको झलक पाइन्छ[५] ।

यस ताम्रपत्रबाट पशुपतिका कृष्ण भट्टलाई पनि मित्रमित्रबाट पृथ्वीनारायणशाहले मिलाएछन् भन्ने थाहा पाइन्छ । तर कृष्ण भट्ट पृथ्वीनारायणशाहसंग मिली उनको हित हुने काम (स्वस्त्ययन) गर्न लागेको कुरा कान्तिपुरका राजा जयप्रकाश मल्लले थाहा पाएछन् । यसो हुंदा भट्टसंग जयप्रकाशको रिस उठनु स्वाभाविक थियो । यस कारण उनले कृष्ण भट्टको विर्ता खोसी कुवेर गिरि आदि चारजना गिरिको नाउंमा सो विर्ता ताम्रपत्र गरी दिएछन् । त्यसताका गिरिहरू एक राज्यबाट अर्को राज्यमा गई व्यापार आदि गर्दथे । कुबेर गिरि आदिलाई यस ताम्रपत्रमा "परदेसी" भनिएको छ । यसबाट उनीहरू जयप्रकाश कहां हालै मात्र वस्न आएथे भन्ने स्पष्ट छ । उनीहरूले कुनै काममा जयप्रकाशलाई मद्दत पनि गरेको देखिन्छ । यसै हुंदा कृष्ण भट्टको विर्ता हरी यी चारजना गिरिहरूलाई संयुक्त रूपमा दिइएको देखिन्छ ।

केही काल उक्त कुबेर गिरिहरूले सो विर्ताको भोग चलन गरे । तर यत्तिकैमा जयप्रकाशको पतन भयो र पृथ्वीनारायणशाह कान्तिपुर भित्र पस्न समर्थ भए । "विना तकसीर राजाले विर्ता नहर्नु" भन्ने चलन त्यसवेला प्रचलित थियो । जयप्रकाशको दृष्टिमा पृथ्वीनारायणशाहसंग मिल्न जानु तकसीर ठहरिएको थियो र उनले विर्ता हरेथे । तर अब पृथ्वीनारायणशाह नै सत्तामा आएका हुनाले कृष्ण भट्टको तकसीर वफादारीमा बदलिनु स्वाभाविक थियो । यसैले पृथ्वीनारायणशाहले गिरिहरूबाट विर्ता खोसी कृष्ण भट्टका छोरा गणपति भट्टलाई लालमोहर गरी दिइयो । तर यस प्रसङ्गमा गिरिहरूलाई

जयप्रकाशले गरिदिएको ताम्रपत्र खिंच्ने काम भने गरिएन छ । पछि प्रतापसिंहको पालामा जग्गाको नापी हुंदा अघिका गिरिका वंशज वालगिरि राजगिरिले जयप्रकाश मल्लले गरिदिएको ताम्रपत्र देखाई यो जग्गा त हाम्रो हो भन्ने पारी जग्गा अंठ्याएछन् । यस पछि भट्टले उजूर गरेछन् । अनि विचारी लक्ष्मीनारायणको इजलासले सो विर्ता भट्टकै हो भन्ने ठह-याएछन् ।

यस बीच राजदरबारमा एक काण्ड मच्यो । प्रतापसिंहशाहको मृत्युपछि राजमाता राजेन्द्रलक्ष्मीलाई सती पठाई अधिकार हात लाउने चेष्टा गुरूज्यू व्रजनाथ पंडितले गरे । तर यत्तिकैमा बहादुरशाह आई पुगेका हुनाले पण्डितज्यूको योजना सफल भएन र उनी नेपालबाट निष्कासित गरिए । उनको सर्वस्व भयो[६] । यस अवसरमा गिरिहरूले फेरि टाउको उठाए-छन् । उनीहरूले विचारी लक्ष्मीनारायण त व्रजनाथका कारवाही मुषातियार हुन्: उनले हामीलाई अन्याय गरे भन्ने पारी अनि उही जयप्रकाशको ताम्रपत्र देखाई सो विर्ता गिरिहरूले नै मिची खाएछन् । यस पछि निकै वर्षसम्म यो विर्ता गिरिहरूकै हातमा रह्यो ।

व्रजनाथ पण्डित निकालिंदा उनका चार वर्षका छोरा रङ्गनाथ पनि निकालिएका थिए[७] । निकालिए पछि उनीहरू काशीमा बस्न थालेथे । रङ्गनाथ काशीमै हुर्केका हुनाले उनले अध्ययन गर्ने सुविधा पाएथे । वि.सं. १८५७ मा रणबहादुर शाह काशी पुगेपछि रङ्गनाथहरूको भाग्य फेरि जाग्यो । काशीमा रणबहादुर शाहलाई आवश्यक मद्दत रङ्गनाथहरूले गरिदिएका हुनाले उनी रङ्गनाथदेखि प्रसन्न थिए[८] । रणबहादुरशाह काशीबाट नेपाल फर्के पछि रङ्गनाथहरू पनि उनीसंगै नेपाल फर्के । उनीहरू अब पण्डित-राज कहलाए[९] ।

यस ताम्रपत्रमा व्रजनाथलाई पनि "पण्डितराज" भनिएको हुनाले[१०] यो ताम्रपत्र गराउनामा पण्डितराज रङ्गनाथको हात छ भन्ने अनुमान सजिलैसंग गर्न सकिन्छ । रङ्गनाथहरू नेपाल पसेपछि भट्टले व्रजनाथ काण्डमा गिरिहरूले गरेको थिचो मिचोको कुरा उनीसंग उठाएछन् र यस विषयमा सांढे वैद्यको इजलासमा फेरि विचार गराई विर्ता भट्टकै हो भन्ने ठह-याइएछ । जयप्रकाशले गरिदिएको ताम्रपत्र पहिले नै खिंचिएको भए यो कलह उठने थिएन । वि.सं. १८६२ मा आएर मात्र जयप्रकाशको सो ताम्रपत्र खिंचियो र विवादको जड उखेलियो ।

जग्गा जमीन सम्बन्धी मुद्दा मामिलाको छिनफान गर्ने अधिकार लिच्छविकालका शासकहरूले स्थानीय पाञ्चालीलाई सुम्पने नीति लिएका थिए[११]। यसै परम्परा अनुसार मध्यकालमा पनि यस्ता मुद्दाहरूको छिनफान पंच प्रधानको देखरेखमा गरिन्थ्यो । साथै पंचप्रमानको मद्दतको लागि सरकारतर्फबाट विचारीको नियुक्ति गरिन्थ्यो[१२] । यही परम्परा अनुसार शाहकालमा न्यायव्यवस्थामा विचारीको प्रमुख स्थान रह्यो । गीर्वाणयुद्ध विक्रमलाई गद्दीमा राखी रणबहादुरशाहले बांधेको स्थितिहरूमा विचारीको काम कर्तव्यको उल्लेख गर्दा पंचहरू राखी विचारीले निष्पक्षसंग मुद्दा मामिलाको छिनफान गर्नू भनी स्पष्टसंग तोकिएको पाइन्छ[१३] । यसै हुंदा यस पत्रमा भट्ट र गिरिहरूको जग्गासम्बन्धी मुद्दाको छिनफान विचारीको रेखदेखमा भएको उल्लेख ठाउंठाउंमा आएको हो । लक्ष्मी-नारायण पहिले विचारी थिए, पछि उनी डिठ्ठा बनेका थिए । साथै उनी रणबहादुर-शाहको पालामा साढे बैद्य बनाइएका थिए । यस ताम्रपत्रमा उल्लिखित साढे बैद्य लक्ष्मी-नारायण हुन् भन्ने देखिन्छ[१४] ।

यसरी यो ताम्रपत्र तात्कालिक कुरा बुझ्न निकै उपयोगी रहेको स्पष्ट छ । यसैले यसलाई पाठकको समक्ष राखिएको हो ।

## टिप्पणी

१. नयराज पन्त र अरू - श्री ५ पृथ्वीनारायणशाहको उपदेश- जगदम्बा प्रकाशन, काठमाडौं, वि.सं.२०२५ पृ.१०१६ ।

२. धनवज्र वज्राचार्य + ज्ञानमणि नेपाल - "ऐतिहासिक पत्र संग्रह" पहिलो भाग, नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, वि.सं.२०१४ पृ.२३ - २५ ।

३. "श्री ५ पृथ्वीनारायणशाहको उपदेश, पृ.१०५७-६० ।

४. " " " " पृ.११२१-२६ ।

५. " " " " पृ.११२६-११३१ ।

६-७ "ऐतिहासिक पत्र संग्रह" पहिलो भाग पृ.४०-४१ ।

८. चित्तरंजन नेपाली - "जनरल भीमसेन थापा र तात्कालीन नेपाल" काठमाडौं, दोस्रो संस्करण, वि.सं.२०२२ पृ.२५५ ।

९. योगी नरहरिनाथ - "इतिहास प्रकाश" पहिलो भाग, काठमाडौं, वि.सं.२०१२ पृ.१४६ ।

१०. तात्कालिक पत्रहरूमा वज्रनाथलाई "पण्डितराज" भनिएको पाइदैन, "पण्डित" मात्र भनिएको पाइन्छ ।

"ऐतिहासिक पत्र संग्रह "पहिलो भाग पृ.३८-४३ ।

११. धनवज्र वज्राचार्य - "लिच्छविकालका अभिलेख" त्रि.वि., ने.ए.अ.सं. काठमाडौं वि.सं.२०३० पृ.१५०-१५२ ।

१२. धनवज्र वज्राचार्य+टेकबहादुर श्रेष्ठ - "दोलखाको ऐतिहासिक रूपरेखा" त्रि.वि., ने.ए.अ.सं.काठमाडौं वि.सं.२०३१ पृ.१५६ ।

१३. चित्तरंजन नेपाली - "श्री ५ रणबहादुर शाह" काठमाडौं वि.सं.२०२०, पृ.१२६ ।

१४. "इतिहास-प्रकाश" पहिलो भाग, पृ.७३-७४ ।